जि.प्र.का.सिरहा द.नं. ८७–०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका–६, सिरहा
फोन नं.: ०३३–५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १५१ पृष्ठः ४ | २०८२ असोज २० गते सोमबार (Monday 06 Oct. 2025) | मूल्य रु. ५।– | इमेल : mgnd2070@gmail.com

## अहिलेको कठिन घडीमा प्रदेश सरकार नागरिकसँगै छः मुख्यमन्त्री सिंह



जनकपुर, १९ असोज। मधेस प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले नागरिकलाई सुरक्षित रहन र सतर्कता अपनाउन आग्रह गरेका छन्। मुख्यमन्त्री सिंहले आज विज्ञप्ति जारी गर्दै वर्षा र बाढीले सिर्जना गरेको यो चुनौतीपूर्ण परिस्थितिमा सुरक्षा निकाय नागरिकको सुरक्षाका लागि पूर्ण रूपमा सक्रिय र प्रतिबद्ध रहेको बताएका छन्। उनले प्रदेश सरकार मातहतका सबै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूलाई संवेदनशीलता बुझी जिम्मेवारीपूर्वक सेवा प्रवाहमा सक्रिय रहन निर्देशन दिइएको पनि बताए।

उनले थपे, नागरिकको ज्यान र सम्पत्तिको सुरक्षाका लागि राहत, उद्धार र सहयोगका कार्यहरू निरन्तर भइरहेका छन्, र कुनै पनि अमूल्य मानव जीवनको क्षति नहोस् भन्ने कामना गर्दछु। मुख्यमन्त्री सिंहले अगाडि भनेका छन्, यो कठिन घडीमा प्रदेश सरकार तपाईंका साथ छ। हामी सबै मिलेर यो विपद् पार गर्नेछौं। एक अर्काको सहयोग र एकताको भावना हाम्रो सबैभन्दा ठुलो शक्ति हो। सुरक्षित रहनुहोस्, सतर्क रहनुहोस्। सुरक्षा, राहत र पुनः स्थापनाका प्रत्येक कदममा प्रदेश सरकार नागरिकसँगै छ।

## हर्षचोकका श्रेष्ठ परिवार पीडामा, चार बेपत्ताको छिटो खोजी गरिदिन आग्रह

काठमाडौँ, १९ असोज। सूर्यविनायक नगरपालिका–४ हर्षचोकस्थित ओम सृजनशील समाज बस्ती यतिखेर पीडामा डुबेको छ। लाङटाङ घुम्न गएका आफ्ना तीन सन्तान रसुवाको गोसाइँकुण्ड गाउँपालिका–४ को बेरिङ खोल्साले बगाएर बेपत्ता भएको थाहा पाएपछि परिवारसहित टोल–बस्ती नै पीडामा डुबेको छ। रोजगारीको सिलसिलामा विगत चार वर्षदेखि दुबईमा बस्दै आएकी २६ वर्षीया सनिता श्रेष्ठ असोज ९ गते मात्र यस वर्ष परिवारसँग दसैँ मनाउन दुबईबाट बिदा लिएर घर आएकी थिइन्।



रोट्र्याक क्लबको नेतृत्वमा दसैँको टीका सकेर सनितासँगै बहिनी २४ वर्षीया संस्कृति श्रेष्ठ र भाइ २० वर्षीय कृष्ण भन्ने चितलाल श्रेष्ठ १८ गते शनिबार दिउँसो करिब ५:०० बजे बेरिङ खोल्सा तर्नेक्रममा आएको पहिरोसँगको लेदो पानीले बगाएर बेपत्ता भएको जानकारी प्राप्त हुनासाथ आफूहरूले अकल्पनीय पीडा व्यहोर्नुपरेको बेपत्ता भएकाहरूका काका केशव श्रेष्ठले जानकारी दिए। १६ गते दसैँको टीका लगाएर रमाइलो गरेको परिवारमध्ये १७ गते बिहान करिब ५:०० बजे पाँच दिने यात्रामा लाङटाङ घुम्न गएका उनीहरूसँगै भक्तपुर नगरपालिका–१० क्वाठण्डौँ बस्ने २३ वर्षीय रवि श्रेष्ठसमेत यात्रा पूरा नगर्दै बेपत्ता भएका छन्। उनीहरू बेपत्ता भएसँगै यात्रामा रहेका १६ जनाको

**–बाँकी ३ पेजमा**

## करेन्ट लागेर महिलाको मृत्यु

**प्रवीण कुमार शर्मा**

जनकपुर, १९ असोज। रौतहटमा करेन्ट लागेर २८ बर्षीय महिलाको मृत्यु भएको छ। इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका अनुसार करेण्ट लागेर मृत्यु हुनेमा चन्द्रपुर– ९ चेतनगर बस्ने दिनेश साहको श्रीमती पिन्कुदेवी साह रहेकी छन्। शनिबार राति ८ बजेर ४० मिनेटको समयमा आफ्नै घरको हैन्डपाइपमा जडान विद्युतीय मोटर चलाउने क्रममा करेन्ट प्रवाह भइ साहको बायाँ हातमा करेन्ट लागेको

**–बाँकी ३ पेजमा**

## सर्लाही : बाढीबाट १६ सय परिवार बिस्थापित, १९ को उद्धार

**जनार्जन खत्री**

सर्लाही, १९ असोज। सर्लाहीमा शुक्रबार रातिदेखि आइतबार बिहानसम्म भएको अविरल वर्षापछि डुबान तथा कटानबाट एक हजार ६१९ परिवार विस्थापित भएका छन्। जिल्ला प्रहरी



कार्यालय मलङ्गवाका अनुसार, जिल्लाभर एक हजार ६१९ परिवार बाढीबाट विस्थापित भइ सुरक्षित स्थानमा बसिरहेका छन्। तीमध्ये चक्रघट्टा गाउँपालिका –१, पडरियामा २० वटा कच्ची घरमा पूर्ण क्षति पुगेको सर्लाही प्रहरीका सूचना अधिकारी एवं डिएसपी सरोज राईले जानकारी दिनुभयो। सबैभन्दा बढी लखन्देही खोलाले क्षति गरेको छ। मनुष्मारा, झिम, सोती, बागमती लगायत खोलाले पनि ठाउँ ठाउँमा कटान तथा डुबानको समस्या निम्त्याएको प्रहरीले जनाएको छ। अविरल वर्षापछि बलरा नगरपालिका –३, का ७०० घरमा पानी पसेको छ। वर्षाको पानी र लखन्देही खोलामा आएको बाढी पस्दा मलङ्गवा नगरपालिका –५, भाडसरमा करिव २०० घर डुबानमा परेका छन्।

कौडेना गाउँपालिका –७, शिवनगरमा लखन्देही खोलाले बाँध कटान गरेर बस्तीमा पसेपछि आइतबार बिहानैदेखि करिव ४०० घरधुरी स्थानीय घर फर्कन सकेका छैनन्। अघिल्ला वर्षमाझैँ शिवनगरका पुरै बस्ती डुबानमा

**–बाँकी ३ पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

**हिंसा होइन, माया र सहिष्णुता बढाऔं।**

**हिंसा हुन नदिऔं:**

- सबै प्राणीप्रति करुणा र सम्मान राखौं,
- द्वन्द्व होइन, संवाद र समझदारी अपनाऔं,
- परिवारदेखि समाजसम्म शान्ति फैलाऔं,
- हिंसात्मक क्रियाकलापबाट बचौं.
- बालबालिका, महिला र अन्य कमजोर वर्गको सुरक्षा गरौं,
- द्वेष र घृणा नफैलाऔं,
- सामाजिक विवादमा धैर्यता र संयमता अपनाऔं,
- तनाव र रिसलाई व्यवस्थापन गरौं,
- समस्याको शान्तिपूर्ण समाधान खोजौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## देशभर उच्च सतर्कता

सामान्यतया असोजको मध्यपछि भारी वर्षाको सम्भावना न्यून हुनुपर्ने हो। आकाश खुलेर शरद ऋतुको आनन्द फैलिनुपर्ने हो। यताका वर्षमा भने मौसम अनुमानयोग्य हुन सकेको छैन। यो वर्ष असोजको मध्यपछि बर्सातको चाप झन् धेरै पर्न थालेको छ। शुक्रबारदेखि नै देशभर बर्सात भइरहेको छ। गत वर्ष असोजको १० देखि १२ गतेसम्म बाढीपहिरो र डुबानले राजधानी उपत्यका र वरपर ठुलो जनधनको क्षति भएको थियो। त्यतिबेला पनि झन्डै ४६ अर्ब रुपियाँको भौतिक क्षति भयो। यो वर्ष पनि असोज १७ देखि २० गतेसम्म उच्च सतर्कता अपनाइँदै छ। राजमार्गहरूमा जोखिम बढेको छ। धेरै राजमार्गमा रात्रिकालीन आवागमन बन्द गरिएको छ। यात्रुको सुरक्षाका निम्ति देशव्यापी रूपमै सतर्कता बढाइएको छ। खोला र नदीछेउका बस्तीमा उच्च सतर्कता अपनाइएको छ। नेपालीको सबैभन्दा ठुलो चाड बडादसैँ असोजको पहिलो साता सुरु भयो।

कोजाग्रत पूर्णिमासम्म बडादसैँकै चहलपहल हुन्छ। दसैँ मनाउन घरगाउँ पुग्ने र फर्कनेको ठुलो सङ्ख्या हुन्छ। सवारी आवागमन धेरै हुने समय दसैँका बेला हो। वर्षभरिमै यातायात अर्थतन्त्र सबैभन्दा बढी चलायमान हुने समय दसैँको बेला हो। प्रतिकूल मौसमका कारण यो वर्षको दसैँमा आवागमन सहज भएन। धेरै यात्रुले दुःख र कष्ट भोग्नु परेको छ।

देशका धेरै सडकमा यातायात अवरुद्ध भएको छ। आन्तरिक हवाई उडानसमेत प्रभावित छन्। जल तथा मौसम विज्ञान विभागले असोज २० गते अर्थात् भोलिसम्म कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा मध्यमदेखि भारी वर्षाको सम्भावना रहेको अनुमानले सचेत हुनुपर्ने अवस्था छ। बङ्गालको खाडीबाट आएको जलवाष्पयुक्त हावा अर्थात् मनसुनी वायुको प्रभाव उच्च छ। कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी र तराई भूभागका धेरै स्थानमा शुक्रबार र शनिबार ठुलो वर्षा भयो। कतिपय भूभागमा त मेघ गर्जन र चट्याङसहित वर्षा भयो, भइरहेको छ। सम्बद्ध निकायले मौसम प्रतिकूलताप्रति उच्च सतर्कता अपनाउन आग्रह गरेका छन्।

प्रधानमन्त्री सुशीला कार्कीले असोज १७ देखि २० गतेसम्म पाँच प्रदेशमा ठुलो वर्षा र बाढीको जोखिम उच्च हुने भन्दै सबैमा उच्च सतर्कता अपनाउन अनुरोध गर्नुभएको छ। स्वकीय सचिवालयमार्फत जारी वक्तव्यमा जल तथा मौसम विज्ञान विभागको पूर्वानुमान उल्लेख गर्दै कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका विभिन्न क्षेत्रमा मनसुनी गतिविधि सक्रिय भई कतिपय स्थानमा ठुलो वर्षा र अति वर्षा हुन सक्नेतर्फ सचेत गराइएको छ। वर्षा र बाढीको उच्च जोखिमले गर्भवती, बालबालिका, वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्तिलाई सुरक्षित स्थानमा सार्न विशेष आग्रह गरिएको छ। यसै गरी सुरक्षा निकाय र विपत् व्यवस्थापन निकायलाई उद्धार र राहतमा उच्च सक्रियतासाथ तयारीमा रहन दिइएको निर्देशनले क्षति न्यूनीकरणमा सहयोग पुग्ने छ।

निरन्तरको बर्सातका कारण नारायणी, बागमती, कमला र कोशी नदीसहितका सहायक नदीमा पानीको सतह बढ्न सक्ने जोखिम कायमै छ। मधेश प्रदेशका महाभारत र चुरे हुँदै बग्ने स-साना नदीमा आकस्मिक बाढी र खहरे खोलाको जोखिम उच्च रहेको छ। काठमाडौँ उपत्यका, काभ्रे, सिन्धुपाल्चोक, रसुवा, मकवानपुर, चितवन, सङ्खुवासभा, ताप्लेजुङ, इलाम, झापा, मोरङ, बारा, पर्सा, सर्लाही, रौतहटलगायत जिल्लामा डुबान तथा आकस्मिक बहाबको सम्भावना देखिएकाले सतर्कता आवश्यक छ। उच्च हिमाली भेगमा गएका पदयात्रीलाई पदयात्रा स्थगन गर्न सम्बद्ध निकायले अनुरोध गरेका छन्। अन्नपूर्ण, कञ्चनज ा, सगरमाथा आधार शिविर आदितर्फ जाने पदयात्रीले पदयात्रा स्थगन गरी सुरक्षित स्थानतिर गएको समाचार आइरहेको छ।

मौसम पूर्वानुमानले सम्बद्ध निकायलाई सचेत भई काम गर्न सहयोग गरेको छ। विभिन्न निकायले असोज १७ देखि २० गतेसम्म अति जरुरी नभई यात्रा नगर्न बारम्बार अनुरोधै गरेका छन्। कतिपय सडक तथा राजमार्गको रात्रिकालीन आवागमन बन्दै गरिएको छ। यसले जनधनको सुरक्षामा ठुलो सहयोग भएको छ। यस्तो अवस्थामा राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश तथा जिल्ला विपत् व्यवस्थापन समिति, स्थानीय तह र अन्य सरोकार निकायको पूर्वतयारीको ठुलो महत्व रहन्छ। सम्बद्ध सबै निकायको सहयोग र समन्वयमा प्रतिकार्य, खोज तथा उद्धार, राहत र पुनर्स्थापनाको कार्य प्रभावकारी बनाउनु वाञ्छनीय छ।

# अर्जुन भुसाल, जसले भेटाइदिन्छन् हराएका मान्छे र सामान

काठमाडौँ, १९ असोज। अहिलेको युग सामाजिक सञ्जालको युग पनि हो। व्यक्तिगत सम्पर्कदेखि समाचार र सूचनाको माध्यम पनि बनिरहेको छ सामाजिक सञ्जाल। कतिपय अवस्थामा आफ्नो हराएको सामान मात्रै होइन, बेपत्ता भएका परिवारका सदस्य समेत सामाजिक सञ्जालकै माध्यमबाट भेटिएका छन्। अर्जुन भुसाल ती कर्मयोगी हुन्, जसले वर्षौंदेखि हराएका व्यक्तिलाई परिवारसँग भेटाउने, सडकमा अलपत्र परेकालाई संरक्षणमा पुऱ्याइदिने र हराएका सामानहरू खोजेर सम्बन्धित धनीलाई फिर्ता दिने काम गर्दै आएका छन्। कतिपयले उनको यो कामलाई विशुद्ध समाजसेवासँग जोड्छन्, तर उनी यसलाई आफ्नो कर्तव्य' र दायित्व मान्छन्।

मेरो यो कार्य राज्यको सुरक्षा निकायलाई सघाउने एउटा नागरिकको सानो प्रयास मात्र हो', उनी भन्छन्, यदि कोही मान्छेले मसँग केही आशा लिएर आएको छ भने मैले उहाँका लागि केही गर्नुपर्छ। देशको सुरक्षा निकायप्रति गहिरो सम्मान राख्दै उनी आफ्नो यो कार्यलाई एक सचेत नागरिकको कर्तव्य मान्छन्। म माध्यम मात्रै हो। आजसम्म जति पनि काम भए, त्यो मैले गरेको भन्दिनँ। हामीले गरेको जति काम छ, त्यो राज्यकै सुरक्षा निकायले गरेको बुझ्नुस्', उनी भन्छन्। समाजसेवाका अनेक आयाम छन्, तर अर्जुनको कर्मको विशिष्टता नै हराएका मानिसको खोजी, बेवारिसेको उद्धार र हराएका सामान फिर्ता गर्ने हो। उनी सडकमा अलपत्र परेका मानिसहरुप्रति गहिरो मानवीय संवेदना समेत राख्छन्।

म अर्जुन, आज सबैलाई भन्ने, मिडियामा देखिने, भोलि मानसिक रूपमा बिरामी भइएला। डिप्रेसनमा पुगौँला। भोलि मेरो परिवारले अलि ख्याल गर्न नसक्ला। कतै म परिवारलाई झुक्काएर सडकमा पुगौँला', उनी भावुक हुँदै भन्छन्, त्यो समय मैले धेरै समय ननुहाएको हुँला। पूरै शरीर फोहोर देखिएला, गन्हाउला। त्यो बेला यही समाजले मलाई भन्न नहुने विभिन्न शब्दले गाली गर्छ।' उनी अगाडि भन्छन्, त्यतिखेर कोही मान्छेले संरक्षण गरिदिएर नयाँ जीवन दिने हो भने त के थाहा पुरानै ठाउँमा फर्किन सकिन्छ नि।' उनी बेवारिसे मानिसप्रति समाजको दृष्टिकोण बदलिनुपर्ने र मानवीयताको खाँचो आवश्यक देख्छन्।

हराएका सामान भेट्टाएर फिर्ता गर्ने अभियान पनि अर्जुनको अर्को प्रिय कर्म हो। हाम्रो नेपाली समाजमा अझै पनि भेट्टाएको सामान जस्ताको तस्तै फिर्ता गर्नुपर्छ भन्ने सोच छैन', उनी भन्छन्, हामीले कसैको पासपोर्ट भेट्टायौँ। त्यसमा पाँच हजार रुपैयाँ र अन्य धेरै महत्वपूर्ण कागजातहरू छन् भने पैसाको लोभले अन्य कागजात खोलामा फाल्दिन्छन्।' यही चेतना जगाउनु उनको अभियान हो। भेट्टाएको सामान फिर्ता गरेर मानवीयताको सन्देश फैलाउनु उनको लक्ष्य हो। अस्ट्रेलिया वा अमेरिकामा मानिसहरूले फोहोर समेत कहाँ फाल्ने भनेर ध्यान दिन्छन्, तर नेपालमा त्यस्तो संस्कारको अभाव छ,' उनी भन्छन्, विदेशमा पानीको बोतल समेत सावधानीपूर्वक व्यवस्थापन गर्ने नेपालीहरूले स्वदेश फर्कँदा एयरपोर्टबाट निस्कँदै जथाभावी फोहोर फाल्छन्।

उनको अभियानको प्रभावकारिता बढिरहेको छ। कुनै ठाउँमा केही भेटियो भने अर्जुन भुसाललाई बुझाउनुपर्छ' भनेर सर्वसाधारणले भन्न थालेका छन्। उनको कार्यालयमै आएर कसैले चार-पाँच लाख, कसैले ११ लाख रुपैयाँ र ल्यापटप समेत भेट्टाएर बुझाइदिनुपऱ्यो भनेको घटना घटना उल्लेख्य छन्। अस्ति भर्खरै कलंकीमा एक एनआरएनको पासपोर्ट हराएको थियो। मैले सामाजिक सञ्जालमा राखेको आधा घण्टामै भेटियो,' उनी सुनाउँछन्। यसले उनको कामको प्रभावकारिता कति व्यापक छ भन्ने स्पष्ट पार्छ।

**किन होमिए यसमा ?**

चितवनको माडी नगरपालिका-४, खैरेनीको एक सामान्य व्यवसायी परिवारमा जन्मेका अर्जुन बुबाको सामाजिक कर्मबाट प्रभावित भएर यसमा आकर्षित भएका हुन्। माडीमै विद्यालय शिक्षा पूरा गरी भरतपुरमा कलेज पढ्दै गर्दा उनको जीवनमा एउटा ठुलो दुर्घटना भयो। त्यही दुर्घटनाबाट नयाँ जीवन पाएपछि उनको सोचमा परिवर्तन आयो। त्यो समय एउटा पुनर्जन्म पाएको जीवन हो, केही गरौँ' भन्ने भावना उब्जियो। सानैदेखि सार्वजनिक भाषणमा रुचि राख्ने र लामो समयसम्म बोल्न सक्ने क्षमताका उनले आफ्नो आवाजलाई माध्यम बनाएर समाजसेवा गर्ने सोच बनाए।

उनले सुरुमा दुर्व्यसनविरुद्धका अभियान र सरसफाइ क्याम्पेनहरू चलाए। उनको सरसफाइको अवधारणा अन्यको भन्दा अलि फरक थियो। जसमा बाटोको फोहोर टिप्ने मात्र नभएर मानिसको दिमागमा फोहोर फाल्ने हुन्न भन्ने चेतना जगाउने थियो। त्यतिखेरै ११ कक्षामा पढ्दा पनि उनी आठ कक्षाका विद्यार्थीहरूलाई सचेतनामूलक कार्यक्रम दिन्थे। तर अर्जुनको यात्राले नयाँ मोड त्यतिबेला लियो, जब उनी हराएका मानिसहरूको पीडासँग साक्षात्कार हुन थाले। त्यसपछि उनी हराएका मानिस र हराएका सामान खोज्ने कार्यमा आफूलाई व्यस्त बनाए। मानिसहरू आफूले जन्माएको सन्तान मिसिङ भयो, न लास देखियो न सास भन्दै आउँछन्। म मन थाम्न सक्दिनँ', उनी भावुक हुँदै भन्छन्, भर्खर एकजना आमा भेटेको थिएँ। अट्ठाइस वर्षदेखि छोरा हराएको छ भनेर खोज्न आउनुभएको थियो।' घरमा भएको पुरानो फोटो फ्रेम बोकेर ती आमाले छोरा खोजिदिन अनुरोध गरेको उनी सुनाउँछन्।

धनसम्पत्ति छ, तर सन्तानको अत्तोपत्तो छैन। त्यो धनसम्पत्तिले केही नहुने रहेछ भनेर धेरै आमाहरू आफूलाई भेट्न आउने उनी बताउँछन्। अर्जुनले मानिसहरू खोज्ने कर्म पहिला पनि गर्थे, तर त्यसलाई प्राथमिकतामा राखेका थिएनन्। करिब पाँच वर्षअघि चितवनको चनौलीमा भएको एउटा घटनाले उनको जीवनको दिशा बदल्यो। जर्मनी जान लागेका एक व्यक्तिको ट्याक्सीको पछाडिको ढोका खुलेर महत्वपूर्ण कागजातसहितको झोला बाटोमा खसेको रहेछ। त्यसमा पासपोर्ट, टिकट र छोरीको विवाहका लागि राखिएको चार-पाँच तोला सुन पनि थियो। पीडित परिवारले पाँच लाख रुपैयाँ पुरस्कार घोषणा गरे पनि अर्जुनले सामाजिक सञ्जालको माध्यमबाट १८ घण्टामै कागजात फेला पार्न सफल भए।

मैले सामाजिक सञ्जालबाट आह्वान गरें- त्यहीँ भेट्टाउनुभएको हो भने त्यहीँ नजिकै कता बाटोको छेउमा फाल्दिनुस्। हामी तपाईंलाई केही पनि गर्दैनौँ', उनी ती दिन सम्झिन्छन्, सुन त फिर्ता भएन, तर पासपोर्ट भेटियो।' त्यो समय ती व्यक्तिकी वृद्धा आमाले रुँदै तपाईंको कारणले मेरो छोरा र बुहारी विदेश जान पाए भनेर दिएको आशीर्वाद उनी कहिल्यै भुल्न सक्दैनन्। त्यो समय उनलाई आफूले ठुलै कर्म गरेजस्तो लाग्यो। गर्भले छाती फुल्यो। त्यस समय मलाई लाग्यो, पासपोर्ट भेटिँदा सुन पनि भेटिनुपर्ने थियो। तर समाज अर्कै भएछ', उनी भन्छन् अब त समाज बदल्नुपर्छ।'

**निःशुल्क सेवा**

कतिपयलाई लाग्न सक्छ अर्जुनले यो कामको शुल्क लिन्छन् होला। तर उनी निःशुल्क रूपमा यो काम गर्दै आएका छन्। यसमा उल्टै उनको खर्च हुने गरेको छ। आफ्नै खर्च गरी गरी किन उनी यस्तो काम गर्छन् त ? यस कार्यका लागि कसैसँग अहिलेसम्म एक रुपैयाँ लिएको छैन। मेरो काम देखेर केही कम्पनीले विज्ञापन दिनुभएको छ,' उनी भन्छन्, त्यसैबाट अफिस, सहयोगी र मेरो दिनचर्या चलिरहेको छ। उनी अगाडि भन्छन्, बीस वर्ष हराएको छोरा भेटिँदा ती आमाको खुसीको आँसु देखेको छु। त्यो आँसुमा मैले संसार देखेको छु। त्यो खुसीमा म सन्तुष्ट छु। आत्मसन्तुष्टि नै प्रेरणाको मूल स्रोत हो।

समाजसेवाका लागि कतिपयले आश्रम खोल्छन्। कतिले पाटीपौवा, चौतारी र मठमन्दिर बनाउँछन्। दान गरेर रमाउने वर्ग पनि छन् समाजमा। उनले भने सामाजिक सञ्जाललाई आफ्नो कर्मको माध्यम बनाएका छन्। अहिले सामाजिक सञ्जालबाट आधा घण्टामा पत्ता लाग्ने कुरा अन्य माध्यमबाट एक वर्षसम्म पनि पत्ता लाग्दैन', उनी भन्छन्, मेरो पेजमा करिब २२ लाख मानिस जोडिएका छन्, जसले गर्दा कुनै पोस्ट एक-डेढ घण्टाभित्रै लाखौँसम्म पुग्छ।'

आफ्नो सामाजिक सञ्जालको

# वैशाखयता विपद्रुमा परेर २८५ को मृत्यु, २७ बेपत्ता




काठमाडौँ, १९ असोज। यस वर्षको वैशाखयता हालसम्म विभिन्न विपद्जन्य घटनामा परेर २८५ जनाको मृत्यु भएको छ। आजसम्मको विवरणअनुसार अन्य २७ जना बेपत्ता रहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ। प्राधिकरणको प्रवक्ता शान्ति महतले आज मात्रै ४४ जनाको मृत्यु भएको र पाँच जना बेपत्ता रहेको बताइन्। सबैभन्दा बढी आज इलाममा ३७ जनाको पहिरोमा परेर ज्यान गएको र पछिल्लो प्रणालीबाट ५० जिल्ला प्रभावित भएको उनले जानकारी दिइन्। प्राधिकरणका अनुसार वैशाखयता सबैभन्दा बढी सर्पदंशबाट मात्रै ८६ जनाको मृत्यु भएको छ। त्यसपछि पहिरोमा परेर ४६ तथा चट्याङबाट ४५ जनाको मृत्यु भएको हो। प्राधिकरणले आज सार्वजनिक गरेको विपद्जन्य घटनाको अभिलेखमा बाढीका कारण ३०, भारी वर्षाबाट छ, आगलागीबाट २३, हावाहुरीका कारण आठ, जनावरको आक्रमणबाट २२ र लेक लागेर १९

-बाँकी ३ पेजमा

### अर्जुन भुसाल,...

दुरुपयोग नगर्ने र राजनीतिक आलोचनाबाट बच्ने सोचका उनी सकारात्मक सन्देश फैलाउन पछि नहट्ने बताउँछन्। केही समयअघि चितवनमा रगत अभाव हुँदा सामाजिक सञ्जालकै सहायताले १३२ पाउन्ड रगत संकलन गर्न सफल भएँ,' उनी भन्छन्। यो अभियानको सबैभन्दा ठुलो खुसीको क्षण २४ वर्षपछि हराएका आफ्नै मामालाई मुम्बईबाट भेट्टाएर ल्याएको क्षण हो। एउटा माइती भनेर जाने आफ्नो भाइ छैन। तैँले यत्रो सामाजिक काम गर्छु भन्छस्, एउटा मामा खोज्न सकिनस्', आमाले त्यो समय भनेको कुरा सुनाउँदै उनी भन्छन्, मैले सामाजिक सञ्जालमा हालेँ। केही समयमै मामा भेटिनुभयो।' मामालाई भेट्टाएर घरमा ल्याउँदा आमाको अनुहारमा छाएको चमक र खुसी अपार थियो।

**कठिन सुरुवात**

अहिलेको चर्चा र सफलता हेर्दा कतिलाई लाग्न सक्छ उनी सहजै यो अवस्थासम्म आए। तर उनको यात्रा सजिलो भने थिएन। सामान्य परिवारका उनलाई कामका लागि क्यामेरा र अन्य सेटअप जोहो गर्न गाह्रो थियो। एउटा सामान्य मोबाइलबाटै काम सुरु गरे। परिवारबाट पनि केही चुनौती थियो, किनभने छोराले आफ्नो व्यवसाय सम्हालोस् भन्ने चाहना थियो। आमाको त राम्रो जागिर खाओस् भन्ने अपेक्षा थियो। तँलाई चिन्न त संसारले चिन्यो, तर तेरो जीवन कहाँ गएर के हुन्छ खै त ? भोलि दुःख पऱ्यो तँलाई हेर्ने को छ त ? कमाउने साधन के छ ? दुःख पाउने भइस्', आमाको चिन्ता अर्जुन सुनाउँछन्। आमालाई बुझाउन धेरै समय लागे पनि बुबाले भने उनको काम बुझेका छन्।

उनका काकाको परिवारका सदस्यहरू अस्ट्रेलिया, अमेरिका, जापानजस्ता देशमा छन्। उनका तीन दाजुभाइ नेपालमै सगोल परिवारमा खुसीपूर्वक बसिरहेका छन्। सानोमा डाक्टर बन्ने सपना बोकेका उनी पढाइमा राम्रै थिए। सरकारी विद्यालयबाट प्रारम्भिक शिक्षापछि उनी विज्ञान पढ्न चाहन्थे, तर आर्थिक अवस्था र पहुँचको अभावले त्यो सम्भव भएन। उनको परिवार ४०-५० लाख रुपैयाँ खर्च गरेर डाक्टर पढाउन सक्ने अवस्थामा थिएन। त्यसैले साथीको सल्लाहमा सप्तगण्डकी कलेजमा व्यवस्थापन (म्यानेजमेन्ट) पढ्न थालेपछि उनको जीवनको मार्ग बदलियो।

करिब १२ वर्षदेखि यस कर्ममा सक्रिय अर्जुनको उमेर ३० वर्ष पुग्न लाग्यो। बिचमा पढाइमा अवरोध आए पनि उनी हाल वीरेन्द्र क्याम्पसमा समाजशास्त्रमा स्नातकोत्तर गर्दैछन्। कामको सिलसिलामा देशको आधा फन्को मारेका उनलाई यही कर्मले भारत, जापान, चीन, यूएई र थाइल्यान्ड समेत घुमाएको छ। देश भ्रमणमा विकास र सभ्यता पनि अवलोकन गरेका उनलाई नेपालको मानवीय अवस्थाले भने चिन्तित तुल्याउँछ। देश त मानवीयताका हिसाबले खोक्रो छ', उनी अनुभव साट्छन्, मानवता छँदै छैन। अहिले परिवारभित्र हिंसा छ। फोटो खिच्दा हाँसिरहेको मेरो भाइ वा मेरी दिदी बेलुका बिस्तारामा सिरानी च्यापेर रुने अवस्था छ। टिकटकमा नाचिरहेकी मेरी बहिनी बेलुका सुत्दा चाहिँ स्लिपिङ ट्याब्लेट खानुपर्ने अवस्था छ।'

वृद्धवृद्धा सडकमा, मानसिक रूपमा बिरामी छोरीहरू सडकमा बलात्कारको सिकार हुने र तिनको पेटमा कसको गर्भ हो भन्ने थाहा नहुनेजस्ता दर्दनाक यथार्थ उनले देखेका छन्। २० हजार रुपैयाँ खर्च गरेर मानसिक रोगी निको हुने अवस्थामा पनि समाजले लुकाउने वा घरमा बाँधेर राख्ने प्रवृत्तिका कारण नेपाली समाज कुरूप भएको उनको बुझाइ छ। यही चेतनाका लागि आफूले अहिले धेरै बेवारिसे मानिसहरूको भिडियो सामाजिक सञ्जालमा पोस्ट गर्ने गरेको उनी बताउँछन्।

हालै नेपालमा भएको राजनीतिक उथलपुथल र विध्वंसका घटनाक्रमबारे उनको आफ्नै विश्लेषण छ। आन्दोलनका मागहरू सही भए पनि सिंहदरबार, संसद् भवन र अदालतजस्ता राष्ट्रिय सम्पत्तिमा भएको क्षतिलाई उनी गलत ठान्छन्। सिंहदरबार जल्यो। राणा, राजा हुँदै अहिले गणतन्त्रको मुलुकसम्म आउँदासम्म त्यही एउटा सिंहदरबार हाम्रो शान र साक्षी थियो', चिन्ता व्यक्त गर्दै उनी भन्छन्, क्षतिले करदातालाई भार थप्ने हो।' नयाँ सरकारले युवाहरूको माग पूरा गर्दै भ्रष्टाचार अन्त्य गरोस् भन्ने उनको अपेक्षा छ।

म २०६२/०६३ को जनआन्दोलनमा १० वर्षको थिएँ', उनी भन्छन् आज २० वर्षपछि पनि मेरो मुलुक उही छ।'

### हर्षचोकका श्रेष्ठ...

टोलीमध्ये १२ जना साथी गुमाउँदाको पीडासहित यतिखेर रसुवामै विक्षिप्त अवस्थामा छन्। पहिलो दिन भक्तपुरबाट बेक्बो, दोस्रो दिन बेम्बोबाट लाङटाङ, तेस्रो दिन लाङटाङबाट खानजिङ गोम्पा, चौथो दिन खानजिङ गोम्पाबाट काञ्जिन रि र पाँचौँ दिन काञ्जिन रिबाट भक्तपुर फर्कने गरी १७ गते बिहान भक्तपुरबाट गएको १६ जनाको टोलीले गोसाइँकुण्ड-५ स्थित ब्याम्बो होटलमा बास बसेर लाङटाङतर्फको यात्रा तय गरेको थियो।

श्रेष्ठका काका केशवले भने, हामी हिजैदेखि सम्पर्कका लागि पटक पटक प्रयास गरिरहेका थियौँ। यात्रामै रहेका टोलीमध्येका अहिले बेम्बो होटलमा बसिरहेका चार जनासँग कुरा पनि भयो। उनीहरुका अनुसार खोल्सा तर्ने क्रममा अचानक माथिबाट आएको पहिरोसँगको लेदोमा पहिलोपटक सनिता बगिन् र उनलाई बचाउन गएकी बहिनी संस्कृति पनि बगिन, फेरि उनलाई बचाउन जाँदा भाइ कृष्ण समेतलाई बगाएर अन्तिममा साथी रविलाई पनि बगाएछ।'

एकले अर्कालाई बचाउन जाँदा चारै जना बेपत्ता भएको टोलीमै रहेका प्रत्यक्षदर्शीले जानकारी दिएको उनले बताए। शनिबार दिउँसो ४ः ०० बजेसम्म आमा-छोरीको कुराकानी भइरहेको जानकारी दिँदै उनले राति करिब ८ः०० बजे एक्कासि बेपत्ता भएको जानकारी आएपछि दाजुको घरमा गएर सम्पर्कको प्रयास गरिरहेको र रसुवाको प्रहरीसँग सम्पर्क गरेको बताए। तीन सन्तान एकैपटक बेपत्ता भएपछि पिता कृष्णबहादुर श्रेष्ठ र आमा सरिता श्रेष्ठ गहिरो शोकमा रहेका छन्। पाँच छोरी र एक छोरा रहेका श्रेष्ठ दम्पतीका एक छोरा र दुई छोरी एकै पटक बेपत्ता भएपछि हिजैदेखि परिवार न भोक न निन्द्रा सबै छाडेर पीडामा डुबेको छ।

उनीहरूको अवस्था अझै अज्ञात रहेकाले तीव्र रूपमा खोजी कार्य गरिदिन काका केशवले आग्रह गरे। उनीहरूको अवस्था कस्तो छ भन्ने जानकारी परिवारले कुरिरहेको उनी बताउँछन्। यता भक्तपुर क्वाठण्डौँका बेपत्ता रवि श्रेष्ठका बुवा राजु श्रेष्ठ शनिबार ३ः०० बजेसम्म छोरोको आमा बुद्धलक्ष्मीसँग कुराकानी भइरहेको र होटलमा पुगेको जानकारी गराएको बताउँछन्। बीचमा फोन गर्दा सम्पर्क नभएको तर राति करिब ८ः ०० बजे एक्कासि सामाजिक सञ्जालमा बेपत्ता भएको खबर आएपछि रसुवा प्रहरीसँग सम्पर्क गरेर जानकारी लिएको उनले बताए।

रवि बेपत्ता भएको खबरसँगै उनका वृद्ध हजुरबुवा, हजुरआमा, आमा बुद्धलक्ष्मी, बहिनी रविना र बुवा राजुको आँखा ओभाएको छैन भने खोजी गरेर सकुशल रहेको खबर सुन्ने आशामा सिङ्गो परिवार यतिखेर खबर कुरिरहेको छ।

शुक्रबार बिहान करिब ४ः ०० बजे साथीसँग घुम्न निस्केको छोरा बेपत्ता भएको खबरले शनिबार साँझदेखि श्रेष्ठ परिवार र आफन्तजन पीडामा छन्। छोराको छिटो खोजी गरिदिन रविका बुवा राजु सरकारलाई आग्रह गर्छन्। यसबारेमा जानकारी लिँदा जिल्ला प्रहरी कार्यालय रसुवाका सूचना अधिकारी प्रहरी निरीक्षक राजु शाहले बेपत्ताको खोजीका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको टोली घटनास्थल पुगेर बेपत्ताको खोजी कार्य जारी राखेको जानकारी दिए। उनले नुवाकोटको सिमानासम्म खोज तथा उद्धार टोली परिचालन गरिएको र नुवाकोट प्रहरीलाई पनि घटनाबारे जानकारी गराएर खोजी कार्य भइरहेको उनले जानकारी दिए। जिल्ला प्रशासन कार्यालय रसुवाका प्रमुख जिल्ला अधिकारी राजेश पन्थीले बिहानदेखि बेपत्ताको खोजीमा सुरक्षाकर्मी परिचालन गरिएको जानकारी दिए।

# जनताले सरकार छ' भन्ने अनुभूति गर्न पाए : रास्वपा



काठमाडौँ, १९ असोज। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले विपद्का बेला सरकारले देखाएको तदारुकताको सराहना गरेको छ। आइतबार बसेको सो पार्टीको बृहत् भर्चुअल बैठकका निर्णय सार्वजनिक गर्दै रास्वपाले सरकारको नेतृत्व गम्भीर र इमानदार हुँदा जनताले सरकार छ भन्ने अनुभूति गर्न पाएको जनाएको हो। सरकारको नेतृत्व गम्भीर र इमानदार हुँदा जनताले सरकार छ' भन्ने अनुभूति गर्न पाएको छ। सरकार बलियो सांसदको धेरै सङ्ख्याले हैन, बलियो सार्वजनिक सेवाले हुने हो', प्रवक्ता मनिष झाले जारी गरेको निर्णयमा भनिएको छ। बैठकले विपद्मा रास्वपाले आफ्नो ठाउँबाट गर्दै गरेको समन्वय र सहयोगलाई निरन्तरता दिने र आवश्यक उद्धार कार्यमा आफ्नो सीप र दक्षता अनुसार संलग्न हुन पार्टीको सबै तहमा अनुरोध गरेको छ। त्यस्तै आवश्यकता अनुसार राजमार्गहरूमा यथाशीघ्र हेल्प डेस्क ' स्थापना गर्न पनि रास्वपाले आव्हान गरेको छ। स्थिति सामान्य नआएसम्म हरेक दिन साँझ ७ बजे भर्चुअल मिटिङ गरिने र प्रदेश/जिल्ला कमिटीले जानकारी गराउने निर्णय गरेको झाले जनाएका छन्।

### करेन्ट लागेर...

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक रुपा लाबुंगले जानकारी दिनुभयो।

करेन्ट लागेपछि साहलाई उपचारका लागि चन्द्रनिगाहपुरस्थित सिभिल अस्पतालमा ल्याउँदा चिकित्सकले मृत घोषणा गरेको प्रहरी नायब उपरीक्षक लाबुंगले बताउनुभयो।

### सर्लाही : बाढीबाट १६...

परेकाले प्रहरीसमेत जान नसकेको स्थानीय सञ्चारकर्मी निरज यादवले जानकारी दिनुभयो।

बाढी र वर्षाको पानी पस्दा हरिवन नरपालिका -११, कबिलासी नगरपालिका -८, अगर्वा, चक्रघट्टा गाउँपालिका -५, कौडेना गाउँपालिका -३, र ५, बरहथवा नगरपालिका -७, डोम टोल, बसबरिया गाउँपालिका -२, धापटोल र बरहथवा नगरपालिका -१६, टिकुलियामा दर्जनौँ घर डुबानमा परेका छन्। अविरल वर्षापछि सदरमुकाम मलङ्गवामा जिल्ला भन्सार कार्यालय, प्रहरी चौकी गोरखकालीसहित मलङ्गवा-सोनवर्षा मुख्य नाका आवत जावत गर्नै नसकिने गरी डुबानमा परेको स्थानीय शिवचन्द्र चौधरीले बताउनुभयो।

शनिबार रातभरको भारी वर्षापछि आइतबार दिनभर सर्लाहीका विभिन्न स्थानमा बाढी तथा डुबानमा परेका १९ जनालाई नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी भएर उद्धार गरेका डिएसपी राईले बताउनुभयो। सर्लाहीका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले सुरक्षाकर्मी र जनप्रतिनिधिको सहयोगमा बाढी प्रभावित क्षेत्रमा उद्धारको काम जारी रहेको जानकारी दिनुभयो। सर्लाहीमा आइतबार बिहानदेखि वर्षा रोकिएर मौसम उघ्रिएपछि जिल्लाको जनजीवन क्रमिकरुपमा सामान्य बन्दैगएको छ। पानी पर्न रोकिएपछि बागमती, लखन्देही, झिम्लगायतका खोलामा विस्तारै पानीको बहाव घट्दै जान थालेको छ।

# मनाङ प्रदेशसभा २ को उपनिर्वाचन स्थगित




काठमाडौँ, १९ असोज। निर्वाचन आयोगले मनाङ प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ अन्तर्गतको प्रदेश सभा निर्वाचन क्षेत्र नं. २ को उपनिर्वाचन स्थगित गरेको छ। जेनजी आन्दोलनका कारण स्थानीय प्रशासनबाट कर्फ्यु आदेश जारी भएपछि पूर्व निर्धारित कार्यक्रम कार्यान्वयनमा असर परेको कारण देखाउँदै आयोगले आगामी कात्तिक १७ गते हुने गरी तोकेको उक्त उपनिर्वाचन स्थगित गरेको हो। निर्वाचन आयोग, नेपालका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त राम प्रसाद भण्डारी, निर्वाचन आयुक्त डा. जानकी कुमारी तुलाधर र सगुन शम्शेर ज.ब.रा. लगायतका पदाधिकारी र नेपाल सरकारका अर्थमन्त्री रामेश्वर प्रसाद खनाल, गृह मन्त्री ओम प्रकाश अर्याल, कानून, न्याय तथा संसदीय मामिला मन्त्री अनिलकुमार सिन्हा लगायतबिच भएको छलफलपछि यस्तो निर्णय गरिएको आयोगले आइतबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

आयोगले आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनलगायत राष्ट्रिय सभा सदस्य निर्वाचन तयारीसम्बन्धी छलफलसमेत भएको उल्लेख गर्दै मनाङ उपनिर्वाचनको अर्को निर्वाचन कार्यक्रम पछि प्रकाशित गरिने जनाएको छ। मनाङबाट निर्वाचित दीपक मनाङे ज्यान मुद्दामा दोषी ठहर भएपछि उनी पदमुक्त भएका थिए। प्रतिनिधिसभा विघटन भएपनि प्रदेशसभा कायमै रहेकाले सो स्थानमा उपनिर्वाचन गराउनुपर्ने अवस्था छ।

# साँगाको पहिरो हटाइयो



काठमाडौँ। काठमाडौँ उपत्यका प्रवेश गर्ने मुख्य नाका मध्येको साँगामा खसेको पहिरो हटाइएको छ। शनिबार अविरल वर्षासँगै भक्तपुरस्थित साँगाको झोलुङ्गे पुल नजिकै पहिरो खसेपछि सो नाकाबाट आवागमन बन्द गरिएको थियो।

साँगा हुँदै धुलिखेल र पाँचखालतर्फ जाने साना सवारी साधनलाई पठाउन थालिएको जिल्ला प्रहरी परिसर भक्तपुरका एक अधिकृतले रातोपाटीलाई बताए। धुलिखेलबाट पूर्वतर्फ जाने बीपी राजमार्ग पूर्ण रूपमा बन्द छ। १७ गते रातिदेखि परेको अविरल वर्षा काठमाडौँ उपत्यकामा आइतबारबाट रोकिएको छ। कोशी प्रदेशमा भने अझै पानी परिरहेको छ।

# भैरहवामा अलपत्र यात्रुलाई चार्टर विमानबाट काठमाडौँ ल्याउने तयारी



काठमाडौँ, १९ असोज। शुक्रबारदेखिको अविरल वर्षापछि भैरहवामा अलपत्र परेका यात्रुहरूलाई चार्टर विमानमार्फत काठमाडौँ ल्याउने तयारी भएको छ। नेपाल नागरिक उ यन प्राधिकरणका अनुसार नेपाल वायु सेवा निगमले काठमाडौँ–भैरहवा–काठमाडौँ चार्टर उडान गर्न अनुमति मागेको छ। निगमले सडक यातायात अवरुद्ध हुँदा धेरै यात्रुहरू भैरहवामा अलपत्र परेको भन्दै चार्टर उडान गर्ने अनुमति माग गरेको प्राधिकरणले जनाएको छ। प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भूलका अनुसार प्राधिकरणले अहिलेसम्म अनुमति नदिएको बताए। उनका अनुसार निगमका जहाजहरू सबै अन्तर्राष्ट्रिय उडानको लागि मात्रै रहेको र आन्तरिक उडानको लागि अनुमति दिने वा नदिने विषयमा छलफल भइरहेको छ।

प्राधिकरणले अनुमति दिएसँगै सोमबार बिहान चार्टर उडान गर्ने तयारीमा निगम रहेको छ। विशेष गरी वैदेशिक रोजगारीमा जान टिकट लिएका र अशक्त व्यक्तिहरूका लागि विमान चार्टर गर्ने तयारीमा निगम रहेको बताइएको छ।

# कारागारबाट भागेका शरणार्थी प्रकरणका अभियुक्त पक्राउ

काठमाडौँ, १९ असोज। सुन्धारास्थित केन्द्रीय कारागारबाट भागेका एक जना फरार अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा दाङको तुलसीपुर नगरपालिका-१६ घर भएका सन्देश शर्मा छन्। उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको टोलीले उनलाई ललितपुरको बखुण्डोलबाट पक्राउ गरेको एक प्रहरी अधिकृतले जानकारी दिए।

शर्मा पछिल्लो समय ललितपुरको महालक्ष्मी नगरपालिका-६ स्थित हरिसिद्धिमा बस्दै आएका थिए। नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने भन्दै ठगीधन्दा चलाउने गिरोहका मुख्य योजनाकार मध्येका शर्मालाई अदालतले पुर्पक्षका लागी थुनामा राख्न आदेश गरेको थियो। जेनजी प्रदर्शनको क्रममा उनी सुन्धाराबाट भागेका हुन्।

### वैशाखयता...

जनाको मृत्यु भएको उल्लेख छ। यस्तै, बाढीबाट २३ जना, पहिरोका कारण तीन र जनावरको आक्रमणबाट एकजना बेपत्ता भएका छन्। हालसम्म चार हजार ६५ वटा विपद्‌जन्य घटना भएको र ती घटनामा परेर एक हजार ७२ जना घाइते भएका छन्।

# हामी किन बाल्यकालका कुराहरू सम्झँन सक्दैनौं ?



जन्मदिन, पहिलो पाइला र पहिलो शब्द हाम्रो जीवनका महत्त्वपूर्ण क्षणहरू हुन्। तर, हामी ती कुराहरू किन सम्झन सक्दैनौँ ? न्यूरोसाइन्टिस्ट र मनोवैज्ञानिकहरू यो प्रश्नसँग दशकौँदेखि जुधिरहेका छन्। बाल्यकालका घटनाहरू सम्झन नसक्नुलाई इन्फेन्टाइल एम्नेशिया भनिन्छ। यसलाई बुझाउन वर्षौँदेखि विभिन्न कुराहरू भनिँदै आएका छन्। यसबारे लामो समयदेखि विभिन्न सिद्धान्तहरू प्रस्तुत गरिएका छन्।

अमेरिकाको येल विश्वविद्यालयका मनोविज्ञान र न्यूरोसर्जरीका प्रोफेसर निक टर्क–ब्राउनका अनुसार वास्तविक बहस दुई मुख्य प्रश्नहरूमा केन्द्रित छ। हामी बाल्यकालमा सम्झनाहरू बनाउँछौँ र पछि बिर्सन्छौँ, या त हामी ठूलो नहुँदासम्म सम्झनाहरू नै बनाउँदैनौँ ? प्रोफेसर टर्क–ब्राउनका अनुसार, विगत एक दशकसम्म शोधकर्ताहरूको विश्वास थियो–बच्चाले सम्झनाहरू बनाउँदैनन्। केही वैज्ञानिकहरूको तर्क थियो–बच्चाहरूसँग न त आफूलाई पूर्णरूपमा चिन्ने ज्ञान हुन्छ, न त बोल्ने क्षमता। चार वर्षको उमेरसम्म हामी सम्झनाहरू बनाउन सक्दैनौँ किनभने हिप्पोक्याम्पस, अर्थात् दिमागको त्यो हिस्सा जसले सम्झनाहरू बनाउँछ, त्यतिबेलासम्म पूर्णरूपमा विकसित भएको हुँदैन। प्रोफेसर टर्क–ब्राउन भन्छन्, बाल्यकालमा हिप्पोक्याम्पसको आकार धेरै तीव्र गतिमा बढ्छ। यस कारण पनि प्रारम्भिक अनुभवहरू सम्झनामा रहँदैनन् किनभने त्यतिबेला आवश्यक न्यूरल सर्किटहरू हुँदैनन्।'

**बच्चाको दिमागको इमेजिङ**

२०२५ को सुरुमा गरिएको प्रोफेसर टर्क–ब्राउनको एक अध्ययनले फरक नतिजा देखायो। यसमा २ महिनादेखि २ वर्ष उमेरका २२ बच्चाहरूलाई धेरै तस्बिरहरू देखाइयो र त्यही समयमा उनीहरूको दिमागको स्क्यानिङ गरेर हिप्पोक्याम्पसको गतिविधि हेरियो। त्यसपछि ती बच्चाहरूलाई एउटा पुरानो र एउटा नयाँ तस्बिर सँगै देखाइयो। शोधकर्ताहरूले बच्चाहरूको आँखाको गतिविधि हेरे, ताकि यो पता लागोस्, उनीहरू कुन तस्बिरलाई धेरैबेर हेर्छन्।

यदि बच्चाले पुरानो तस्बिरलाई धेरैबेर हेऱ्यो भने, यो प्रमाण मानियो उसले त्यसलाई सम्झेको छ। पहिले पनि धेरै अनुसन्धानमा यस्तै पाइएको थियो। यदि बच्चाले पहिलो पटक कुनै तस्बिर देख्छ र त्यतिबेला उसको हिप्पोक्याम्पस धेरै सक्रिय हुन्छ भने, त्यो तस्बिर पछि सम्झने सम्भावना बढ्छ भन्ने कुरा अनुसन्धानमा पाइयो। यो प्रभाव खासगरी १२ महिनाभन्दा ठूला बच्चाहरूमा देखियो। यसबाट प्रष्ट हुन्छ लगभग एक वर्षको उमेरमा हिप्पोक्याम्पसले सम्झनाहरू रेकर्ड गर्न सुरु गर्छ। सम्झनाहरू कहाँ जान्छन् ?

प्रोफेसर टर्क–ब्राउनका अनुसार, शिशुहरूले हिप्पोक्याम्पसमा सम्झनाहरू बनाउन सक्छन् कि सक्दैनन् भन्ने बुझ्नु उनको टोलीको पहिलो उद्देश्य थियो। तर, यसमा थप अनुसन्धानको आवश्यकता छ। उनी भन्छन्, यदि बच्चाले वास्तवमै यी सम्झनाहरू भण्डारण गरिरहेका छन् भने, ती कहाँ जान्छन् ? के ती अझै रहन्छन् ? र के हामी तिनलाई पुनः प्राप्त गर्न सकिन्छ ?' सन् २०२२ को एक अध्ययनमा अनुसार मुसाहरू, जसले सानै उमेरमा भूलभुलैया पार गर्न सिकेका थिए, ठूलो भएपछि त्यसलाई बिर्सिए।

तर, जब वैज्ञानिकहरूले हिप्पोक्याम्पसको त्यो हिस्सा सक्रिय गरे जुन सिकाइसँग जोडिएको थियो, तब सम्झनाहरू फेरि फर्किए। मानव शिशुहरूमा पनि यस्तै हुन्छ र तिनका सम्झनाहरू कतै लुकेर रहन्छन् कि भन्ने कुरा अहिलेसम्म थाहा भएको छैन। युकेको युनिभर्सिटी अफ वेस्टमिन्स्टरकी प्रोफेसर क्याथरिन लभडे भन्छिन् साना बच्चाहरूमा सम्झना बनाउने क्षमता हुन्छ, जबसम्म उनीहरू बोल्न सुरु गर्दैनन्। उनको भनाइ छ, साना बच्चाहरू नर्सरीबाट फर्केपछि आफूसँग भएको कुरा बताउँछन्। तर, केही वर्षपछि तिनले ती कुराहरू फेरि बताउन सक्दैनन्।

यसबाट प्रष्ट हुन्छ कि सम्झनाहरू बन्छन्, तर लामो समयसम्म टिक्दैनन्।' उनी भन्छिन्, के हामी ती सम्झनाहरूलाई समयसँग गहिराइमा संरक्षित गर्न सक्छौँ। के ती चाँडै धमिलो हुन्छन् र के ती यति बलियो हुन्छन् कि हामी तिनलाई सोचेर सम्झन सक्छौँ ?'

**के सम्झनाहरू झुटा पनि हुन सक्छन् ?**

प्रोफेसर लभडे भन्छिन् इन्फेन्टाइल एम्नेशियालाई बुझ्न गाह्रो हुनुको कारण हाम्रो पहिलो सम्झना वास्तविक हो कि होइन भन्ने थाहा पाउन लगभग असम्भव छ। उदाहरणका लागि, धेरै मानिसहरूलाई लाग्छ उनीहरूलाई बाल्यकालको कुनै घटना वा कुनै क्षण सम्झना छ। तर, उनको भनाइ छ, यस्ता सम्झनाहरू वास्तविक अनुभवहरूसँग जोडिने सम्भावना धेरै कम हुन्छ।

यदि हामीलाई कुनै घटनाबारे जानकारी प्राप्त हुन्छ भने, हाम्रो दिमागले यस्तो सम्झना बनाउन सक्छ जुन पूर्ण रूपमा वास्तविक जस्तो लाग्छ' उनी बताउँछिन्, यो चेतनाको प्रश्न हो र चेतनालाई स्पष्ट रूपमा परिभाषित गर्नु सबैभन्दा गाह्रो काम हो।'

प्रोफेसर टर्क–ब्राउन भन्छन् इन्फेन्टाइल एम्नेशियाको रहस्य हाम्रो पहिचानसँग गहिरो रूपमा जोडिएको छ। यो हाम्रो पहिचानको हिस्सा हो र हाम्रो जीवनको प्रारम्भिक वर्षहरूमा यस्तो ठाउँ हुन्छ जहाँ हामीलाई केही पनि सम्झना रहँदैन, यसले मानिसहरूको आफ्नाबारे सोच्ने तरिकालाई बदल्छ' लभडे भन्छिन्।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)